प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्की प्रदेश, पोखरा, नेपाल

# दैनिक गतिविधि

जेष्ठ ०१, २०७७

आज प्रदेश स्वास्थ्य तालिम केन्द्र पोखरामा माननीय सामाजिक विकास मन्त्री नरदेवी पुन मगर ज्यू, सचिव श्री डिल्लीराम शर्माज्यू, प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्था केन्द्र तथा स्वास्थ्य तालिम केन्द्रका निर्देशक श्री खिम बहादुर खड्का ज्यू, सामाजिक विकास मन्त्रालय, नीति योजना कानुन मापदण्ड तथा जनस्वास्थ्य महाशाखा प्रमुख श्री शम्भु ज्ञवालीज्यू, अस्पताल विकास महाशाखा प्रमुख डा. राम बहादुर के.सी ज्यू लगायत सम्मिलित बैठक सम्पन्न भयो । बैठकमा आगामी आर्थिक वर्षको लागि स्वास्थ्य क्षेत्रको योजना तर्जुमा तथा कार्यक्रम निर्माण सम्बन्धी छलफल तथा अन्तरक्रिया भएको थियो । यसै गरि सामाजिक विकास मन्त्रालय, नीति योजना मापदण्ड कानुन तथा जनस्वास्थ्य महाशाखाको आयोजनामा गण्डकी प्रदेशमा स्वास्थ्य क्षेत्रमा कार्यरत साझेदार संस्थाका प्रतिनिधिहरुसँग भएको भर्चुअल बैठकमा माननीय मन्त्रीज्यू तथा सचिवज्यूले सम्बोधन गर्नुभएको थियो ।






प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश
स्वास्थ्य कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
नेपाल

पत्र संख्या :
चलानी नम्बर :
मिति :

विषय :

प्रेस विज्ञप्ती

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।२।१ को कोभिड १९ को जारी प्रेस विज्ञप्ती अनुसार देवचुली न.पा. १२, नवलपरासी ब.सु.पु. निवासी वर्ष ४९ का पुरुष एक जनामा कोरोना संक्रमण पुष्टि भईसकेको छ । [illegible]

स्वास्थ्य कार्यालय
नवलपरासी ब.सु.पु.
२०७७।२।१

गण्डकी प्रदेशको नवलपरासी (व.सु.पू) देवचुली न.पा - १२ ठेगाना भएका एक जना ४९ वर्षीय पुरुषमा आज कोभिड - १९ को नयाँ संक्रमण देखा परेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार, कोभिड - १९ प्रयोगशाला भरतपुरमा गरिएको परिक्षणमा उनमा संक्रमण पुष्टि भएको हो । उनी यहि बैशाख ३० गते भारतको कलकत्ताबाट रक्सौल हुँदै चितवन आई भरतपुर स्थित कोरोना विषेश अस्पतालमा उपचारका लागि भर्ना भएको र उनको यात्राको क्रममा अन्य कसैसँग भेटघाट नभएको स्वास्थ्य कार्यालय नवलपुर ले जनाएको छ ।




आज म्याग्दीमा हाल कोभड - १९ संक्रमित जिल्लाबाट म्याग्दी जिल्लामा आएका ४ जना र म्याग्दी जिल्लामा कोभिड १९ नियन्त्रणका लागि अग्र पंक्तिमा खटीएका सुरक्षाकमीहरु मध्ये नमुना सर्वेक्षणका आधारमा ६ जना गरी जम्मा १० जनाको PCR परिक्षणका लागि स्वाबको नमुना संकलन गरिएको छ । म्याग्दी जिल्लाको हिजोको CCMC को बैठकले कोभिड १९ रोकथाम र नियन्त्रणका लागि अग्रपंक्तिमा खटीएका सुरक्षाकर्मी स्वास्थ्यकमी र पत्रकारहरुको Random sampling का आधारमा २० प्रतिशतको स्वाब संकलन गरी PCR का लागि पठाउने निर्णय गरेको थियो । सोही निर्णय अनुसार आज ६ जना सुरक्षाकर्मीको स्वाब संकलन गरिएको हो ।

# गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR / RDT समेत) सम्बन्धि बैशाख ३१ गते (४ बजे सम्म) जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण ।

| जिल्ला | क्वारेन्टाइन | | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | बेड | बसेका | | | | | | |
| कास्की | 10 | 305 | 11 | 70 | 0 | 774 | 1357 | 283 | 254 | 0 | 29 |
| स्यांग्जा | 36 | 635 | 74 | 10 | 0 | 601 | 898 | 105 | 105 | 0 | 0 |
| तनहुँ | 28 | 194 | 12 | 42 | 0 | 848 | 633 | 32 | 32 | 0 | 0 |
| लमजुङ | 75 | 990 | 88 | 18 | 0 | 288 | 276 | 53 | 53 | 0 | 0 |
| गोरखा | 52 | 415 | 25 | 27 | 0 | 436 | 675 | 29 | 29 | 0 | 0 |
| पर्वत | 96 | 251 | 21 | 20 | 0 | 364 | 373 | 92 | 92 | 0 | 0 |
| म्याग्दी | 30 | 357 | 140 | 6 | 0 | 214 | 388 | 22 | 22 | 0 | 0 |
| बाग्लुङ | 38 | 332 | 15 | 16 | 1 | 912 | 1246 | 76 | 74 | 2 | 0 |
| नवलपुर | 61 | 872 | 21 | 16 | 0 | 918 | 938 | 71 | 71 | 0 | 0 |
| मनाङ | 9 | 93 | 25 | 7 | 0 | 3 | 41 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ | 12 | 97 | 0 | 3 | 0 | 25 | 37 | 1 | 1 | 0 | 0 |
| जम्मा | 447 | 4541 | 432 | 235 | 1 | 5383 | 6862 | 767 | 736 | 2 | 29 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर १०९२